गाउँ कार्यपालिकाको
मितिः- २०८३/०२/०५
(बैठक संख्याः- १२-२०८२/०८३)
स्थानः- गाउँपालिकाको सभाहल

आज मिति २०८३ जेठ ५ गते तदनुसार नेपाल संवत ११४६, अनालथ्व, तृतिया, मंगलबारका दिन दिउँसो ०१:०० बजे बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बाहैं(१२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थितिः**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य, गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री पशुपती कामी | का वा वडा नं ७ |
| श्री मोहन प्रकाश गिरी | प्र.प्र.अ. (सदस्य सचिव) |

**आमन्त्रितहरुः**

| | |
|---|---|
| श्री राम बहादुर मल्ल | वरिष्ठ शिक्षा अधिकृत सातौं |
| श्री सुरज नेपाली | लेखा अधिकृत |
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |
| श्री खगेन्द्र बोहरा | रोजगार संयोजक |

CamScanner

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मिति:- २०८३/०२/०५

## बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १२-२०८२/०८३)

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. शिक्षा समितिको निर्णयमा आवश्यक छलफल सम्बन्धमा।
३. कार्यक्र सञ्चालनको लागि वडा छनोट सम्बन्धमा।
४. मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु सिफारिस सम्बन्धमा।
५. आयोजनाहरुको संशोधन नगर्ने प्रतिवद्धता सम्बन्धमा।
६. स्वास्थ्य उपचार राहत सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो।कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं.२**

बारेकोट गाउँपालिका अन्तर्गतका सामुदायकि विद्यालयहरुको समायोजन/कक्षा वा तह घटुवा गर्नुपर्ने सन्दर्भमा सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ तथा विद्यालय समायोजन मापदण्ड बमोजिम शिक्षा विकास तथा समन्वय इकाई जाजरकोटको मिति २०८२।०५।०६ गतेको निर्णय र बारेकोट गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८३।०१।११ गतेको निर्णयानुसार मिति २०८३।०१।२१ गतेको गाउँ कार्यपालिका बैठकबाट समेत निर्णय भई विद्यालयहरुको तह घटुवा गरिएको सन्दर्भमा भौगोलिक विकटता, नियमित विद्यार्थी संख्या, विद्यालयको भौतिक अवस्था तथा शैक्षिक जनशक्ति समेतको आधारमा समायोजन/कक्षा वा तह घटुवा गर्ने, तर त्यस्ता समायोजन/तह घटुवा हुने विद्यालयहरुलाई समायोजन/तह घटुवा भएको सम्बन्धित तहको हकमा गाउँपालिकाबाट प्रदान गरिने कुनै पनि शिक्षण सिकाई अनुदान, विद्यालय व्यवस्थापन खर्च लगायतका अनुदान उपलब्ध नगाराइने र विद्यालय/समुदाय आफैले सञ्चालन गर्न चाहेमा सम्पूर्ण स्रोत व्यवस्थापन गरी सञ्चालन गर्न सक्नेछ।

मोहन प्रकाश घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८३/०२/०५

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १२-२०८२/०८३)</u>

**<u>निर्णय नं. ३</u>**

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (RRN), BMZ/Welthungerhilfe (WHH), MIC नेपाल, र FTG नेपालको सहकार्यमा बारेकोट गाउँपालिकामा सञ्चालन हुन गइरहेको भूकम्प प्रभावित घरपरिवारहरुमा खाद्य सुरक्षा तथा उत्थानशील जीविकोपार्जन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित SUSTAIN Project सञ्चालनका लागि बारेकोट गाउँपालिका अन्तर्गत वडा नं १, २, ३, ५ र ९ र थप उद्यमशीलताका लागि वडा नं ६ मा कार्यक्रम सञ्चालनका लागि अनुमति दिने।

**<u>निर्णय नं. ४</u>**

आ. व. २०८३/०८४ मा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय कर्णाली प्रदेशको आर्थिक सहयोगमा बारेकोट गाउँपालिका मार्फत सञ्चालित मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तरगत वडा बाट छनौट भइ आएका तपसिल बमोजिमका आयोजनाहरु सिफारिस गरि पठाउने।

<u>तपसिल:</u>

| क सं | कार्यक्रम/आयोजनाको नाम | वडा नं | आयोजना स्थल | प्रस्तावित रकम | बिषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फोर वे ट्याँङ्की देखी कूलाचौर सम्म सिंचाई कूलो निर्माण | १ | माथी आगर | १५ लाख | सिंचाई | |
| २ | देवलचौर देखि सतिचौर सम्म पदमार्ग तथा प्रतिक्षालय निर्माण | २ | लिम्सा | १५ लाख | पदमार्ग तथा पर्यटन बिश्राम स्थल | |
| ३ | रुम्सिल कुनाउटी तटवन्धन नदी नियन्त्रण तथा पर्यटन विश्राम स्थल निर्माण | ३ | रुम्सिल | १५ लाख | पर्यटन बिश्राम स्थल | |
| ४ | छर्कनेपानी ठेप्निमेला खानेपानी योजना बारेकोट ४ रावतजिरी | ४ | रावतजिरी | १५ लाख | खानेपानी | |
| ५ | नौमुली तीर्थ स्थल भावन निर्माण | ५ | | १५ लाख | पर्यटन बिश्राम स्थल | |
| ६ | सिम्खारा खानेपानी योजना निर्माण | ६ | सिम्खारा | १५ लाख | खानेपानी | |
| ७ | पैराटा खोला देखि पुजारा टोल सम्मा खानेपानी योजना निर्माण | ७ | स्याँला | १५ लाख | खानेपानी | |
| ८ | शंकर भवन प्रावि बण्डाला फिल्ड तथा घेरावार निर्माण | ८ | बण्डाला | १५ लाख | | |
| ९ | माथी कासी महतारा टोल खानेपानी निर्माण | ९ | माथी कासी | १५ लाख | खानेपानी | |

मोहन प्रकाश सिंह
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मितिः- २०८३/०२/०५

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १२-२०८२/०८३)</u>

**निर्णय नं. ५**

आ. व. २०८३/०८४ मा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय कर्णाली प्रदेशको आर्थिक सहयोगमा बारेकोट गाउँपालिका मार्फत सञ्चालित मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तरगत वडा बाट छनोट भइ आएका आयोजनाहरु संशोधनका लागि माग नगरिने प्रतिबद्धता गर्ने।

**निर्णय नं. ६**

बारेकोट गाउँपालिका वडा नं. १, धौलाकोट, जाजरकोट निवासी हस्तवीरे कामीको छोरा वर्ष ३२ (बत्तीस) को बल बहादुर नेपाली मृगौला रोगबाट ग्रसित भई अप्रेसन भएको र लामो समय देखि हाल सम्मम पनि औषधी उपचार गराइरहेको अवस्थामा निज बारेकोट गाउँपालिको करार सेवामा लामोसमयदेखि सेवारत कर्मचारी समेत भएको र परिवारको आर्थिक अवस्था कम्जोर भई थप उपचारको लागि समस्या उत्पन्न भएकोले उपचार सहायता स्वारुप एक पटकको लागी मात्र आर्थिक वर्ष २०८२/०८३ को आपतकालिन उपचार कोषबाट खर्च लेख्ने गरी रु. ५००००।- (अक्षरुपी पचासहजार रुपैंया मात्र) उपलब्ध गराउने।

मोहन प्रकाश
प्रमुख प्रशासकीय अधिकृत